माननिय सभाका सदस्यज्यूहरु

अव म पूर्वाधार विकास समिति सम्बन्धी प्रस्ताव पेश गर्न चाहन्छु।

<u>पूर्वाधार विकास समितिको प्रतिवेदन</u>

१. यस चौविसे गाउँपालिकाको आ.ब. २०८२/८३ को आय व्ययको विवरण निम्नानुसार रहेको पाइयो।

विनियोजित बजेटः रु ५५,११,६०,९०० को कुल खर्च तर्फः ७७.९०% भएको छ जसमध्ये

मितिः २०८३/०३/२५ सम्मको चालु खर्चः ८१.९५%

मितिः २०८३/०३/२५ सम्मको पूँजिगत खर्चः ६४.४४%

२. विगतदेखि हालसम्मको बेरुजुको अवस्था निम्नानुसार रहेको पाईयो।

नियमित गर्नुपर्ने कुल बेरुजुः रु. ४,४१,४१,९७८

प्रमाण पेश गर्नुपर्ने कुल बेरुजुः रु. ३,७५,८६,८७४

असुल उपर गर्नुपर्ने कुल बेरुजुः रु. ४३,१२,१८५

३. यस आ.ब.मा गाउँपालिकामा निम्नानुसार पूर्वाधार विकास सम्बन्धी योजनाहरु सञ्चालन भएकोछ।

- पूर्वाधार विकास अन्तर्गत सञ्चालन भएका योजनाहरुः १६१ वटा।
- यस आ.ब.मा ठेक्का लागि म्याद थप गर्नु पर्ने योजनाहरुः ५ वटा।
- अगाडिको आ.व.बाट सरी आएको योजनाको म्याद थप गर्नु पर्ने योजनाः १ वटा

४. विभिन्न कारणले सम्पन्न हुन नसकेका विकास योजनाहरुको दायित्व पालिकाले व्यहोरी २०८३ साउन मसान्त भित्र सम्पन्न गराउने।

५. आगामी आ.ब.मा वडावडामा प्राविधिकहरुलाई खटाउने व्यवस्था मिलाउने।

६. १० लाख रुपैयाँ भन्दा माथिका योजनाहरुलाई ठेक्कामा लगाईएकोमा आगामी दिनमा उपभोक्ता समितिबाट कार्यान्वयन हुन सक्ने योजनाहरुलाई उपभोक्ता समिति मार्फत नै कार्यान्वयन हुने व्यवस्था मिलाउने।

७. ठेक्काका योजनाहरुको गुणस्तर कायम गर्न निर्माण कार्यको ल्याव परीक्षणलाई निरन्तरता प्रदान गर्ने।

सभाध्यक्ष ज्यु
सभाका सदस्यज्युहरु

अब म आर्थिक विकाश समितिको बार्षिक प्रतिवेदन सम्बन्धी प्रस्ताव पेश गर्ने चाहान्छु ।

आर्थिक विकास समितिको प्रतिवेदन

१. यस चौविसे गाउँपालिकाको आर्थिक विकाश शाखाको आ.व ०८२/०८३ को खर्च विवरण निम्नानुसार रहेको पाईयो ।

क. कृषि विकाश शाखा विनियोजित वजेट रु ४४,५०,०००। खर्च रकम रु २,५६,७९१। खर्च प्रतिशत ४८.४६
ख. पशु विकाश शाखा विनियोजित वजेट रु ३९,००,०००। खर्च रकम रु १०,८४,५०१। खर्च प्रतिशत २७.८
ग. लद्यु उद्यम विकाश शाखा विनियोजित वजेट रु १४,००,०००। खर्च रकम रु ८,९२,५७५। खर्च प्रतिशत ६३.७५

२. मासिक रुपमा आर्थिक विकास समितिको बैठक वसी बजेट कार्यान्वयन तथा अनुदान विवरण सम्बन्धी कार्यलाई प्रभावकारी वनाउने ।

सभाध्यक्षज्यू
सभाका सदस्यज्यूहरु

अब म सार्वजनिक लेखा समितिको प्रतिवेदन र बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्न चाहन्छु ।

## सार्वजनिक लेखा समितिको प्रतिवेदन

१. यस चौविसे गाउँपालिकाको आ.ब. ०८२/०८३ को आय व्यायको विवरण निम्नानुसार रहेको पाइयो ।

विनियोजित बजेट : रु ५५,१४,००,९०० चालु तर्फ: ७०.१८% पुंजिगत तर्फ २९.८२%

मिति २०८३।०३।०८ सम्मको चालु खर्च ६७.३%

मिति २०८३।०३।०८ सम्मको पुंजिगत खर्च ३९.३४%

२ विगतदेखि हालसम्मको वेरुजुको अवस्था निम्नानुसार रहेको पाइयो ।

नियमित गर्नुपर्ने कुल बेरुजु रु ४,४१,४१,९७८

प्रमाण पेस गर्नुपर्ने कुल बेरुजु रु ३,७५,८६,८७४

असुल उपर गर्नुपर्ने कुल बेरुजु रु ४३,१२,१८५

३ सार्वजनिक लेखा समितिको मिति २०८३।०३।०८ को वैठकले निम्नानुसारको निर्णय गरेको छ ।

१. आर्थिक वर्ष २०७४।०७५ देखि २०८१।०८२ सम्मका लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित असुल उपर बेरुजुहरुसंग सम्बन्धित कागजातहरु अध्ययन गरियो । सो सम्बन्धमा छलफल गर्दा उल्लेखित वेरुजुहरु असुल उपरका लागि सम्बन्धित व्यक्ति फर्मलाई पत्राचार गरी असुल उपर हुने व्यवस्था मिलाउने ।

२. आर्थिक वर्ष २०७४।०७५ देखि २०८१।०८२ सम्मका लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित प्रमाण पेश गर्ने सम्बन्धी वेरुजुसंग सम्बन्धित कागजातहरु अध्ययन गरी सो सम्बन्धमा छलफल हुँदा सम्बन्धित विषयगत शाखाबाट खर्च पुष्ट्याइकालागि पेश हुनुपर्ने कागजातहरु यथासक्दो छिटो उपलब्ध गराइ वेरुजु सम्परीक्षण हुने व्यवस्था मिलाउने ।

३. आर्थिक वर्ष २०७४।०७५ देखि २०८१।०८२ सम्मका लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित अनियमित वेरुजु संग सम्बन्धित कागजातहरु अध्ययन गरी सो सम्बन्धमा छलफल गर्दा कार्यदलबाट पेश भएको राय सुझाव तथा गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रप्रअ लेअ समेतले बैठकमा पेश गर्नु भएको धारणा तथा प्रतिवद्धता समेतका आधारमा यसै साथ संलग्न सुची अनुसारको उल्लेखित वेरुजु सम्परीक्षण गर्नका लागि कार्यपालिका मार्फत गाउँसभामा प्रस्ताव पेश गर्ने ।

मानिनय सभाका सदस्यज्यूहरु

अव म पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी प्रस्ताव पेश गर्न चाहन्छु।

<u>पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन</u>

१. यस चौविसे गाउँपालिकाको आ.ब. २०८२/८३ को आय व्ययको विवरण निम्नानुसार रहेको पाइयो।

विनियोजित बजेटः रु ५५,११,६०,९०० को कुल खर्च तर्फः ७७.९०% भएको छ जसमध्ये

मितिः २०८३/०३/२५ सम्मको चालु खर्चः ८१.९५%

मितिः २०८३/०३/२५ सम्मको पूँजिगत खर्चः ६४.४४%

२. विगतदेखि हालसम्मको बेरुजुको अवस्था निम्नानुसार रहेको पाईयो।

नियमित गर्नुपर्ने कुल बेरुजुः रु. ४,४१,४१,९७८

प्रमाण पेश गर्नुपर्ने कुल बेरुजुः रु. ३,७५,८६,८७४

असुल उपर गर्नुपर्ने कुल बेरुजुः रु. ४३,१२,१८५

३. यस आ.ब.मा पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले विभिन्न मितिमा अनुगमन गर्दा निम्नानुसार विवरण प्राप्त भएकोछ।

- ठेक्का मार्फत सञ्चालन भएका योजना/कार्यक्रमः १५ वटा।
- सोझै सञ्चालन भएको योजना/कार्यक्रमः १४ वटा।
- वडा कार्यालय मार्फत सञ्चालन भएको योजना/कार्यक्रमः १८ वटा।
- उपभोक्ता समिति मार्फत सञ्चालय भएका योजना/कार्यक्रमः १४४ वटा।
- पूर्वाधार विकास अन्तर्गत सञ्चालन भएका योजनाहरुः १६१ वटा।
- सामाजिक विकास अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरुः ३० वटा।
- यस आ.ब.मा ठेक्का लागि म्याद थप गर्नु पर्ने योजनाहरुः ५ वटा।
- अगाडिको आ.व.बाट सरी आएको योजनाको म्याद थप गर्नु पर्ने योजनाः १ वटा

४. विभिन्न कारणले सम्पन्न हुन नसकेका विकास योजनाहरुको दायित्व पालिकाले व्यहोरी २०८३ साउन मसान्त भित्र सम्पन्न गराउने।

सभाध्यक्षज्यू,
माननिय सभाका सदस्यज्यूहरु,
अब म सार्वजनिक लेखा समितिको प्रतिवेदन सम्बन्धी प्रस्ताव पेश गर्न चाहन्छु ।

## शुशासन तथा संस्थागत विकास समितिको वार्षिक प्रतिवेदन(आ.व. २०८२/८३)

१. यस चौबिसे गाउँपालिकामा आ.व. २०८२/८३ मा भएका कार्यपालिका तथा गाउँसभाको वैठक संख्या साथै निर्णय संख्याहरु निम्नानुसार रहेको पाइयो ।

| आ.व. २०८२/८३ को गाउँसभा साथै कार्यपालिका बैठक सम्बन्धी विवरण | | |
|---|---|---|
| | बैठक बसेको मिति | निर्णय संख्या |
| **गाउँसभा** | २०८२/०३/१० | ५ |
| | २०८२/०३/२३ | ४ |
| | २०८३/०३/१० | ८ |
| | २०८२/१०/२९ | ६ |
| **कार्यपालिका वैठक** | २०८२/०३/०७ | ५ |
| | २०८२/०३/०९ | ८ |
| | २०८२/०३/२१ | ९ |
| | २०८२/०४/१५ | ५ |
| | २०८२/०४/२२ | ९ |
| | २०८२/०६/०६ | ५ |
| | २०८२/०६/०९ | ५ |
| | २०८२/०६/२२ | १० |
| | २०८२/०६/२३ | १२ |
| | २०८२/०७/२६ | १७ |
| | २०८२/०८/२६ | १५ |
| | २०८२/०९/१८ | ११ |
| | २०८२/०९/२८ | ६ |
| | २०८२/१०/१४ | ४ |
| | २०८२/११/०५ | ७ |
| | २०८२/११/१९ | ८ |
| | २०८२/१२/३० | ९ |

| | | |
|---|---|---|
| | २०८३/०१/०३ | ३ |
| | २०८३/०१/११ | ३ |
| | २०८३/०१/२१ | ९ |
| | २०८३/०२/२१ | १२ |
| | २०८३/२/२९ | १३ |
| | २०८३/०३/०९ | १० |
| | २०८३/०३/२९ | ५ |

२. चौबिसे गाउँपालिका गाउँसभाद्धारा गठन भएका विषयगत समितिहरुको वैठक संख्या निम्नानुसार रहेको पाइयो ।

| क्र.सं | समितिको नाम | सम्बन्धित शाखा आ.व. २०८२/८३ मा बसेको बैठक संख्या | कैफियत |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | २ | |
| २ | सामाजिक विकास समिति | २ | |
| ३ | आर्थिक विकास समिति | २ | |
| ४ | पूर्वाधार विकास समिति | २ | |
| ५ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | २ | |
| ६ | सार्वजनिक लेखा समिति | १ | |
| ७ | विधायन समिति | ५ | |
| ८ | न्यायिक समिति | १२ | |
| ९ | योजना अनुगमन समिति | | |
| १० | योजना तथा वजेट तर्जुमा समिति | १ | |
| ११ | स्थानीय राजश्व परामर्श समिति | २ | |

| | | | |
|---|---|---|---|
| १२ | स्थानीय विपद् व्यवस्थापन समिति | १ | |
| १३ | शिक्षा विकास समिति | ८ | |
| १४ | खेलकुद विकास समिति | ४ | |
| १५ | व्याहोलोडर संचालन, एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति | २ | |
| १६ | अपाङ्गता परिचयपत्र वितरण समिति | २ | |
| १७ | बजार अनुगमन समिति | ३ | |
| १९ | स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति | २ | |
| २० | स्थानीय वेरुजु फर्छौट समिति | १ | |
| २१ | स्थानीय किसान सूचिकरण प्रणालि समिति | १ | |
| २२ | वजेट तथा कार्यक्रम तर्जुमा समिति | २ | |
| २३ | चौबिसे गाउँपालिका सार्वजनिक लेखा समिति | १ | |

३. चौबिसे गाउँपालिकामा मिति २०८३ बैशाख १५ गते देखी संचालनमा रहेको नागरिक सहायता कक्षबाट हालसम्म तपशिल बमोजिमका सेवाग्राहिहरुले सेवा लिएको पाइयो ।

नागरिक सहायता कक्ष (Help Desk) को लाभग्राहि अभिलेख प्रतिवेदन

| क्र.सं | सेवा प्रवाह विवरण | जम्मा |
|---|---|---|
| १ | फोटोकपी | १८६३ |
| २ | निवेदन | ३१ |
| ३ | प्रिन्ट | ३७७ |
| ४ | स्क्यान | ८७ |
| ५ | इमेल | ८५ |
| ६ | टाइपिङ | ३५ |
| ७ | फारम भरेको | ५७ |
| ८ | सेवाग्राही | २८१ |

**गाउँसभा अध्यक्ष एवम् सभाका सदस्यज्यूहरु,**

यस चौविसे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक विकास शाखाबाट सम्पादन भएको सम्पुर्ण कार्यको प्रगति प्रतिवेदन शाखागत रुपमा तपसिल बमोजिम रहेको हुँदा सोहि बमोजिम प्रगति प्रतिवेदन पेश गर्दछु ।

**शिक्षा शाखाः**

चौविसे गाउँपालिकाले आर्थिक वर्षल २०८२/०८३ मा शिक्षाको गुणस्तर सुधारको लागि शैक्षिक क्षेत्रमा विभिन्न कार्यहरु सम्पादन हुँदै आएका छन् । विद्यालयहरुको भौतिक, प्रशासनिक र शैक्षिक क्षेत्रको सुधारमा महत्वपुर्ण कार्यहरु सम्पादन गरिएको छ । विद्यालय अनुगमन निरीक्षण, विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न गरिएको छ। विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गरिएको छ। यसका अलवा संक्षेपमा सम्पूर्ण सम्पन्न कार्यहरु गरिएको विवरण तपसिल बमोजिम प्रस्तुत गर्दछु ।

१. ससर्त तर्फको आर्थिक प्रगतिः **९१.३३ प्रतिशत**

२. गाउँपालिका तर्फको आर्थीक प्रगतिः **७०.६१ प्रतिशत**

३. विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान र बालविकास सहजकर्ताको दरबन्दी मिलान गरिएकोछ ।

४. आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएकोछ ।

५. गाउँ शिक्षा योजना अध्यावधिक गरी कार्यान्वियन गरिएकोछ ।

६. आधारभूत शिक्षा (कक्षा ५ र ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन गरी सम्पन्न् गरिएकोछ ।

७. विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी ति बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने
कार्य सम्पन्न गरी विद्यालय बाहिर रहेका धेरै बालबालिकाहरु विद्यालयमा भर्ना भएकाछन् ।

८. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी अभिमुखिकरण कार्यक्रम प्रत्येक वडामा सञ्चालन गरी सम्पुर्ण जनसमुदायहरुलाई जानकारी प्रदान गरिएकोछ ।

९. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकहरुलाई काम,कर्तव्य र अधिकारबारे अभिमुखिकरण कार्यक्रम
सञ्चालन गरी सम्पन्न गरिएकोछ ।

१०. नव नियुक्त शिकक्षहरुको पेसागत क्षमता विकास गरी दक्षता हासिल गर्न शिक्षक मेन्टरिङ कार्य सञ्चालन गरी सम्पन्न गरिएकोछ ।

११. विद्यालयका शैक्षिक कार्यक्रमहलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न शैक्षिक कार्यपात्रो निर्माण गरी
कार्यान्वियन गरिएकोछ

१२. नियमित रुपमा विद्यालय अनुगमन र निरीक्षण गरी शैक्षिक सुधारमा सहयोगात्मक कार्य सञ्चालन गरिएकोछ

१३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट् सम्पादन गर्नु पर्ने दैनिक प्रशासनिक कार्य प्रभावकारी रुपमा सम्पादन गरिएकोछ ।

१४. विद्यार्थीहरुको सिकाइ स्तर पहिचान गरी कम्जोर सिकाइ स्तर भएका बालबालिकाहरुकव सिकाइ स्तरमा सुधार गर्न सिकाइ आपुरण तथा दुर्त सिकाइ कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएकोछ ।

१५. समुदायमा सिप विकास र सक्षरता सिप विकास गर्न सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय गरीएको छ भने परिचारलकहरुलाई IEMIS तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएकोछ ।

१६. शिक्षण सिकाइलाई प्रविधि मैत्री बनाउन र विद्यालयका तथ्याङ्कहरुलाई सुद्धता प्रदान गर्न प्रधानाध्यापक तथा IEMIS फोकल शिक्षकहरुलाई ICT सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएकोछ ।

**पञ्जकरण शाखा**:

१. व्यक्तिगत घट्ना दर्ता सम्बन्धी सहजिकरण गरिएकोछ ।

२. सामाजिक सुरक्षा भत्ता वितरण, २०६६ जनालाई बार्षिक रुपमा उपलब्ध गराइएकोछ ।

३. व्यक्तिगत घट्ना दर्ता, मासिक रिपोर्ट तथा अभिलेख व्यवस्थापन निम्न बमोजिम गरिउकोछ ।

वडा न १ देखि ८ सम्म

- ✓ जन्म दर्ता -३१२ जना
- ✓ मृत्यु दर्ता - २२१ जना
- ✓ सम्बन्ध बिच्छेद- ३३ जना
- ✓ बिवाह - १७१ जोडी
- ✓ बसाईसराई गरी आएका -२३ जना
- ✓ बसारईसराई गरी गएका -१४५ जना

४. सामजिक सुरक्षा भत्ता सम्बन्धी सिफारिस- ४७ जनालाई गरिएकोछ ।

५. सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुबाट फिर्ता गरिएको रकम को.ले.नि.का. मा जम्मा गर्ने कार्य सम्पन्न गरिएकोछ

**महिला तथा बालबालिका शाखा**

महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठनागरिकहरुको अधिकार संरक्षण, क्षमता विकास, सामाजिक सुरक्षा तथा सशक्तिकरण गर्ने उद्देश्यले चौविसे गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । यी कार्यक्रमहरुबाट लक्षित वर्गमा जनचेतना अभिबृद्धि, लैंङ्गिक समानताको प्रवर्द्धन, हिंसा न्यूनीकरण तथा सम्मानजनक जीवनयापनमा सहयोग पुग्ने अपेक्षासहित तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गरी सम्पन्न गरिएकोछ । **महिला तथा बालबालिका शाखाबाट** सम्पादित कार्यहर तपसिल बमोजिम प्रस्तुत गर्दछु ।

तपशिलः

१. लैंगिक हिंसा सम्बन्धी १६ दिने अभियान सञ्चालन गरिएकोछ ।

२. बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिएकोछ।
३. जेष्ठनागरिकहरुमा हुने अल्जाईमर रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएकोछ।
४. लागु पर्दाथ दुर्व्यसन रोकथाम सम्बन्धी विद्यार्थीसँग प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिएकोछ।
५. बालविवाह सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएकोछ।
६. स्वास्थ्य उपचार सहयोग कार्यक्रम सञ्चालन गरिएकोछ।
७. सहायक सामग्री सहयोग कार्यक्रम सञ्चालन गरिएको छ।
८. जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड राख्ने कार्य गरिउकोछ
९. मिलिजुली समुहको बचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम सञ्चालन गरिएकोछ।
१०. अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यवसाय/रोजगारी प्रवर्द्धन अनुदान प्रदान गरिएकोछ।
११. अपाङ्गता भएका व्यक्तिहरुको संस्था(ओ.पि.डि.) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम अनुदान प्रदान गरिएकोछ।
१२. नवदम्पतीहरुलाई वितरण गर्ने शुभकामना कार्ड छपाई गरी वितरण गरिएकोछ।
१३. मिलिजुली समुहको बैठक खर्च व्यवस्थापन गरिएकोछ।
१४. गर्भवती महिलाहरुको बिवरण दर्ता तथा अध्यवधी गर्ने कार्य गरिएकोछ।

- **समग्रमा महिला तथा बालबालिका शाखाको बार्षिक प्रगति सशर्त तर्फको आर्थिक प्रगतिः ९५ %**
- **गाउँपालिकाको तर्फको आर्थिक प्रगतिः ४१.७%**

**स्वास्थ्य शाखा तर्फः**

❖ चौविसे-१ स्थित ६नं. बुधबारेमा मातृ तथा नवशिशु स्वास्थ्य सेवा प्रदायकहरुका लागी गरिएको स्थलगत अनुशिक्षण तथा क्लिनिकल मेण्टरिङ सम्बन्धि ३ दिन कार्यशाला द्वारा निर्मित कार्ययोजना अनुरुप चौविसे गाउँपालिकाबाट हाल संचालित ५ वटा प्रशुती सेवा केन्द्रहरुका लागी संक्रमण रोकथाम तथा सेवाको गुणस्तर अभिबृद्दि शिर्षकमा विनियोजित रुः ३ लाख विनियोजन गरि पूर्व प्रसुती तथा डेलिभरी वेडका साथै आवस्यक औजार उपकरणहरु उपलब्ध गराई कार्ययोजना पुरा गरिएको छ।

❖ चौविसे गाउँपालिकाका विभिन्न ५ वटा वडाहरुका स्वास्थ्य चौकीहरुमा संचालित प्रयोशाला/ ल्यावहरु मध्ये वडा नं. १ र ५ मा सेवा प्रदायक जनशक्ति (ल्याव अशिष्टेण्ट) को अभाव हुँदा सो सेवा पूर्णरुपमा अवरुद्द भएको छ।

**चौबिसे गाउँपालिकाको आ.व.२०८२-२०८३ को स्वास्थ्य निःशर्त कार्यक्रमको बजेट खर्च तथा प्रगती विवरणः**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | जम्मा बजेट प्रगति प्रतिशत | कार्यक्रमको संख्यात्मक प्रगति संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | रेफर भएका प्रशुत्रिलाई सेवा दिए वापत सेवा प्रदायक नर्सहरुलाई उत्प्रेरणा रकम | १२.६ | ९ जना | |
| २ | " महिलासँग चौबिसे गाउँपालिका" आमालाई खाना तथा शिशुलाई नाना कार्यक्रम | ७४.६९ | १७० जना | |

| | | | | |
|---|---|---|---|---|
| ३ | " महिलासँग चौबिसे गाउँपालिका" गर्भवति पोषण तथा परामर्श कार्यक्रम | ३५.८६ | १५४ जना | |
| ४ | ग्रामीण अल्ट्रसाउण्डमा खटिने कर्मचारीलाई यातायात खर्च (पालिकाले तोके बमोजिम) | ९७ | १४० जना | |
| ५ | गाउँघर क्लिनिक संचालन गरे वापत स्वास्थ्य कार्यकर्ताहरुलाई यातायात खर्च | ९०.८ | ३२२८ जना | |
| ६ | नियमित खोप संचालन गरे बापत खोप कार्यकर्ताहरुलाई यातायात खर्च | ७९.२२ | १६९ जना | |
| ७ | म.स्वा.स्व.से. दिवस मनाउँदा म.स्वा.स्व.से. दिवसमा उत्कृष्ठ कार्यसम्पादन गर्नेहरुलाई प्रोत्साहन तथा ज्येष्ठहरुलाई सम्मानजनक विदाईको लागी कार्यक्रम खर्च | ८२.३३ | ६३ जना | |
| ८ | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्य संस्थामा हुने मासिक बैठकमा भाग लिए बापत यातायात खर्च | ९९.६ | ९९३जना | |
| ९ | नागरिक आरोग्य केन्द्रबाट नियमिमत सेवाका लागि आयुर्वेदिक औषधि खरिद | ९६.४५ | ३०७६ जना | |
| १० | ल्याव सेवा संचालनका लागी केमिकल्स/रिएजेन्टस र सामाग्री खरिद रकम | ७५.४१ | १३७५ जना | |

**आ.व. २०८२/०८३ मा चौविसे गाउँपालिकाको शशर्त स्वास्थ्य कार्यक्रमहरुको प्रगतिको प्रतिवेदन:**

स्वास्थ्य चौकीहरुको न्यूनतम् सेवा मापदण्ड MSS अन्तर्गत ७ वटा स्वास्थ्य चौकीहरुमा स्थानिय स्वास्थ्य समिति पदाधिकारीहरु सहितको संयुक्त लेखाजोखा हुँदा मौनाबुधुक स्वास्थ्य चौकी, चौविसे-७ ले प्रथम स्थान हासिल गरेको छ भने सोही कार्यक्रम द्वारा निर्मित कार्ययोजना बमोजिम तात्कालिक आवस्यकताहरुका लागी गाउँपालिका बाट औजार सामाग्रीहरु उपलब्ध गराई बाँकी कार्यहरु पुरा गर्नका लागी आगामि आ.व. मा बजेट माग गरिएको छ।

| क.स. | कार्यक्रमको नाम | बजेट प्रगति प्रतिशत | कार्यक्रमको तथ्यांकिय प्रगति संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रजनन्न रुग्णता स्वास्थ्य सेवा (VIA , स्त्रीरोग तथा नसर्ने रोगहरुको संस्थागत र बाह्य शिविरमा परीक्षण,परामर्श तथा उपचार) | ९२.९० | २५० जना | |
| २ | परिवार योजना सेवा (ईम्प्लाण्ट, आई.यु.सि.डी. सेवा दिएको संख्या) | २६.७५ | ७७३ जना | |
| ३ | किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य परामर्श सेवा ( किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाहरुमा अनुगमन तथा अभिमुखिकरण कार्यक्रम संचालन ) | ५३.५० | १५० जना | |

| | | | | |
|---|---|---|---|---|
| ४ | पोषण कार्यक्रम ( २ चरणमा भिटामिन ए क्याप्सुल वितरण, सामाजिक व्यवहार परिवर्तनका लागी सुनौलो १००० दिनका आमाहरुको अभिमुखिकरण कार्यक्रम तथा पोषण सम्बन्धि विद्यालय कक्षा संचालन, समुदाय स्तरमा बृहत पोषण लेखाजोखा कार्यक्रम संचालन ) | ६७.७६ | भिटामिन ए मा १००% र १०५०० जना | |
| ५ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झाला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ५७.०३ | २९४ जना | |
| ६ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम संचालन | ९९.९२ | ३४५ जना | |
| ७ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढिकरण, नियमित खोपमा विध्यालय केन्द्रित खोप अभियान संचालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपवाट वचाउन सकिने रोगहरुको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चितता र दीगोपनाका लागी व्यवस्थापन | ६७.४५ | १४२८ जना | |
| ८ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागी औषधी खरिद | ९९.२४ | २५००१ जना | |
| ९ | जुनोटिक रोगहरु, AMR सम्बन्धि पैरवि तथा अभिमुखिकरण, Rabies Day | ७०.७५ | २८ जना | |
| १० | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | १४ | ३०० जना | |
| ११ | मृगौला प्रत्यारवपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघात विरामीहरुलाई औषधी उपचार खर्च वापत रु५००० दरले उपलव्ध गराइने रकम | १०० | ४८ जना | |
| १२ | महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण | ७६.६० | ५२ जना | |
| १३ | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम ( पोसाक प्रोत्साहन र यातायात खर्च ) | १०० | ६३ जना | |
| १४ | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्कृनिङ्ग ( फागन महिना ) तथा जनचेतना कार्यक्रम संचालन | ९८.२७ | १९५९ जना | |
| १५ | क्षयरोग मुम्त अभियान निरन्तरताका लागी विभिन्न कार्यक्रमहरु ( समुदाय स्तरमा अभिमुखिकरण, AI Xray शिविर संचालन, खकार नमुता ढुवानी तथा सकृय क्षयरोगीहरुलाई पोषण सामाग्री वितरण) | ७०.७५ | ५३४ जना | |
| १६ | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ७४.९४ | ४२०० जना | |

❖ **समग्रमा स्वास्थ्या शाखाको ससर्त तर्फ कुल बजेटको ७३.९७%**
**गाउँपालिका तर्फको कुल बजेको ७८.६०% खर्च भएकोछ ।**